# भूमे साप्ताहिक

वर्ष ५ अङ्क १० २०८० असार ०६ बुधबार



सम्पादकीय

## भूमे महोत्सवको सन्देश

**“हाम्रो भूमे, हाम्रो पहिचानः स्थानीय भाषा कला संस्कृतिको जगेर्ना गर्ने हाम्रो अभियान”** भन्ने मूल नाराका साथ यही असार २ गतेदेखि ५ गतेसम्म भूमे गाउँपालिकाको केन्द्र खाबाङ बगरमा **चौथो भूमे सांस्कृतिक महोत्सव एवं खुल्ला प्रतियोगिता** भव्य रुपमा सम्पन्न भएको छ ।

भूमे गाउँपालिकाले आयोजना गरेको महोत्सवमा स्थानीय भाषा, कला संस्कृतिमा आधारित ८ विधाका नृत्य तथा गीत प्रतियोगिता गरिएको थियो। महोत्सव उद्घाटनको दिन बिहान ५२ किमि/१० किमि गुरिल्ला म्याराथन प्रतियोगिता पनि आयोजना गरिएको थियो। स्थानीय कला संस्कृतिमा आधारित गीत नाच प्रतियोगिता र म्याराथनमा निकै उत्साहजनक सहभागिता रहेको थियो। स्थानीय भाषा, कला संस्कृतिको संरक्षण गर्न, लोपोन्मुख अवस्थामा रहेका ऐतिहासिक गीत नाचहरु युवा पुस्तामा हस्तान्तरण गर्न र भूमेको पहिचान जोगाइराख्न महोत्सव आयोजना गरिएको थियो। समग्रमा महोत्सव आफ्नो उद्देश्यप्रति सफल भएको छ।

आफ्नो भाषा, कला, संस्कृतिको संरक्षण, प्रचार प्रसार र पुस्तान्तरण कसरी गर्न सकिन्छ भन्ने राम्रो उदाहरण हो- भूमे महोत्सव। व्यवस्थापकीय पक्ष, प्रतियोगितामा स्थानीयबासीको उत्साहजनक सहभागिता र निष्पक्ष एवं विवादरहित छनौट प्रक्रियाले महोत्सवको भव्यता र सफलता झल्किएको छ। भूमे गाउँपालिकाले भूमे पर्वकै सन्दर्भमा यति भव्य र व्यवस्थित महोत्सव गरेर सबैको मन जितेको छ। यसमा गाउँपालिकाको नेतृत्व, स्थानीय सरकार, कर्मचारी, स्थानीय अगुवा र समुदायको इच्छाशक्ति र अहोरात्र खटनपटनले सबै सम्भव भएको हो। उहाँहरु सबै धन्यवादका पात्र हुनुहुन्छ।

प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भव्य भयो भूमे महोत्सव, भूमे नाचमा महत प्रथम




❖ बालाराम शेर्पाली

अठार मगरात क्षेत्रको महान चाड भूमे पर्वको अवसरमा रुकुम (पूर्व)को भूमे खाबाङ बगरमा आयोजित **चौथो भूमे सौँस्कृतिक महोत्सव** भव्य रुपमा सम्पन्न भएको छ। “हाम्रो भूमे, हाम्रो पहिचानः स्थानीय भाषा कला संस्कृतिको जगेर्ना गर्ने हाम्रो अभियान” भन्ने मुल नाराका साथ असार २ देखि ५ गतेसम्म चलेको उक्त महोत्सवको आयोजना भूमे गाउँपालिकाले गरेको थियो।

भूमे सांस्कृतिक महोत्सवमा गाउँपालिकाले विभिन्न ८ विधाका पुराना नाच तथा गीत प्रतियोगिता आयोजना गरिएको थियो। महोत्सवमा भूमे नाच प्रतियोगितातर्फ भूमे-६ महत प्रथम भएको गाउँपालिकाका सूचना तथा सञ्चार प्रविधि अधिकृत जनक ओलीले बताउनु भयो। यसैगरी भूमे-२ काँक्री दोस्रो हुँदा भूमे-७ धर्मशाला तेस्रो र भूमे-३ क्याङ्सी सान्त्वना भएको ओलीले जानकारी दिनुभयो। भूमे नाचमा ९ समूहले प्रतिस्पर्धा गरेका थिए। पुरस्कार राशी प्रथम, दोस्रो, तेस्रो र सान्त्वनालाई क्रमशः नगद एक लाख, ७५ हजार, ५० हजार र २० हजारसहित कप, मेडल, प्रमाण पत्र प्रदान गरिएको थियो।

यसैगरी नचारु नाचमा भूमे-३ क्याङ्सी प्रथम हुँदा सोही वडाकै सिमा दोस्रो र भूमे-६ महत तेस्रो भएको ओलीले बताउनु भयो। यस प्रतियोगितामा

जम्मा तीन समूहको मात्र प्रतिस्पर्धा भएको थियो। नचारु नाचको पुरस्कार राशी प्रथमलाई ७५ हजार, दोस्रोलाई ५० हजार र तेस्रोलाई ३० हजारसहित कप, मेडल, प्रमाण पत्रले पुरस्कृत गरिएको थियो।

मयुर नाचतर्फ चार समूहको प्रतिस्पर्धा रहेकोमा रुकुमपूर्व सिस्ने गाउँपालिका-५ रुमालबारा प्रथम हुँदा भूमे-२ खाबाङ बगर दोस्रो भएको छ। भूमे-८ कुचिबाङ तेस्रो र सोही वडाकै नाम्फू सान्त्वना भएको छ। प्रथम, दोस्रो, तेस्रो र सान्त्वनालाई क्रमशः नगद ५० हजार, ३० हजार, २० हजार र १० हजारसहित कप, मेडल, प्रमाण पत्र प्रदान गरिएको छ।

पैसेरु नाचमा ६ समूहको प्रतिस्पर्धा भएकोमा भूमे-९ चुनबाङ प्रथम, भूमे-३ क्याङ्सी दोस्रो, भूमे-६ स्याला सुर्पा तेस्रो र सोही वडाकै नाखेरुञ्ची सान्त्वना भएको छ। फाँक नाचमा चार समूहको प्रतिस्पर्धा भएकोमा भूमे-१ लुकुम प्रथम, भूमे-३ क्याङ्सी दोस्रो, भूमे-६ महत तेस्रो र भूमे-२ खाबाङ सान्त्वना भएको छ।

यसैगरी झोरेल्नी नाचमा दुई समूहको मात्र प्रतिस्पर्धा रहेकोमा भूमे-३ क्याङ्सी प्रथम र भूमे-६ महत दोस्रो भएको छ। सिङ्गारु नच तर्फ तीन समूह बिच प्रतिस्पर्धा रहेकोमा सिस्ने-६ रुकुमकोट प्रथम, भूमे-३ झुम्लाबाङ दोस्रो र सिस्ने-५ रुमालबारा तेस्रो भएको छ। र लस्के गीतमा नौ समूहबिच प्रतिस्पर्धा भएकोमा भूमे-१ लुकुम महिला समूह प्रथम हुँदा भूमे-३ झुम्लाबाङ पुरुष समूह दोस्रो भएको छ भने भूमे-२ खाबाङ महिला समूह तेस्रो र भूमे-६ महत पुरुष समूह सान्त्वना भएको छ।

पैसेरु, फाँक, झोरेल्नी, सिङ्गारु नाच र लस्के गीत प्रतियोगिताको पुरस्कार राशी प्रथम, दोस्रो, तेस्रो र सान्त्वनालाई क्रमशः नगद ३० हजार, २० हजार, १० हजार र ५ हजारसहित कप, मेडल, प्रमाण पत्र प्रदान गरिएको गाउँपालिकाले जनाएको छ। त्यस्तै उत्कृष्ट कला प्रदर्शनीतर्फ भूमे-६ का हेमबहादुर बुढा र भूमे-५ का सिता बुढालाई पुरस्कृत गरिएको छ भने उत्कृष्ट वाद्यवादनतर्फ भूमे-३ का दलबिर नेपालीलाई पुरस्कृत गरिएको छ। महोत्सवको समापन समारोहमा प्रमुख अतिथि जिल्ला समन्वय समिति रुकुम (पूर्व)का प्रमुख मेघबहादुर श्रेष्ठले विजेताहरुलाई पुरस्कार वितरण गर्नुभएको थियो। सो अवसरमा बोल्दै प्रमुख अतिथि मेघबहादुर श्रेष्ठले महोत्सवले यहाँको संस्कृतिको जगेर्ना तथा पुस्तान्तरण गर्नमा महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो।

भूमे गाउँपालिकाका निवर्तमान अध्यक्ष रामसुर बुढा मगरले भूमेका कलालाई मनोरञ्जन मात्र नभएर आयआर्जनको बाटोमा लैजानुपर्ने बताउनु भयो। भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले भूमे महोत्सवलाई आगामी वर्षहरुमा अझै परस्कृत गर्दै लैजानमा गाउँपालिका सकारात्मक रहेको बताउनु भयो। त्यस्तै भूमे गाउँपालिकाका उपाध्यक्ष सविना बुढा मगरले भूमेको कला संस्कृति मगरहरुको मात्रै नभई सबै भाषाभाषी र जातजातिको भएको भन्दै यसको संरक्षण सबैले मिलेर गर्नुपर्नेमा जोड दिनुभयो।

# गुरिल्ला म्याराथनः बिजेता बने रुकुम पश्चिमका भुवन

**१० किमि म्याराथन प्रतियोगितामा पुरुषतर्फ भूमे–२ जंगाधाराका आकाश रोका मगर र महिलातर्फ भूमे–२ खाबाङकी प्रिया पुन मगर प्रथम भएका छन्।**






❖ **बालाराम शेर्पाली**

भूमे पर्वको अवसरमा भूमे गाउँपालिकाले आयोजनाले गरेको गुरिल्ला म्याराथन प्रतियोगितामा ५२ किलोमिटरतर्फको गुरिल्ला अल्ट्रा म्याराथनमा रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-३ का भुवन ओली प्रथम भएका छन्।

प्रतियोगितामा ओलीले ६ घण्टा ८ मिनेट ९ सेकेण्डमा दूरी पार गरेर उपाधि जितेका हुन्। सोही स्थानका अर्जुन कुमार बस्नेतले ६ घण्टा ८ मिनेट १९ सेकेण्डमा दूरी पार गरेर दोस्रो बने भने भूमे-३ का शक्तिराम रोका ६ घण्टा १५ मिनेटमा पार गर्दै तेस्रो बनेका छन्। त्यस्तै, ६ घण्टा २३ मिनेट १ सेकेण्डमा दौड पूरा गर्दै थवाङ १ रोल्पाका मनकुमार रोकामगर चौथो बनेका छन्।

महिलातर्फ भने सोलुखुम्बुकी अनिता राई विजेता बनेकी छिन्। उनले ८ घण्टा १५ मिनेटमा दूरी पार गरेर महिलातर्फ पहिलो स्थान सुरक्षित गर्न सफल भएकी हुन्।

९ घण्टा १० मिनेट ३ सेकेण्डमा दुरी पार गर्दै भूमे गाउँपालिका-८ की सोनिका खड्का द्वितीय र

१० घण्टा १५ मिनेट २ सकेण्डमा दूरी पार गर्दै भूमे ६ की अनिता बुढामगर तृतीय भइन्।

महिला र पुरुषतर्फको पुरस्कार समान रहेको छ। विजेताले ५० हजार, उपविजेताले ३० हजार, तेस्रोले १५ हजार र चौथो स्थान हासिल गर्नेले ८ हजार नगद पुरस्कार पाएका छन्। पाँचौंदेखि दशौं स्थानसम्म हाँसिल गर्ने धावकले समान ५ हजार नगद पुरस्कार पाएका छन्।

यसैगरी १० किलोमिटरको गुरिल्ला म्याराथन प्रतियोगितामा पुरुषतर्फ भूमे-२ जंगाधाराका आकाश रोका मगर र महिलातर्फ भूमे-२ खाबाङका प्रिया पुन मगर प्रथम भएका छन्। आकाशले १ घण्टा १२ मिनेटमा र प्रियाले १ घण्टा ४३ मिनेटमा दूरी पार गरे।

यसमा प्रथमले १० हजार, द्वितीयले ७ हजार ५ सय, तृतीयले ५ हजार र सान्त्वना हुनेले २ हजार ५ सय रुपियाँसहित मेडल, प्रमाणपत्र पाएका छन्। पाँचौंदेखि दशौं स्थान हासिल गर्ने प्रतियोगीले प्रतिव्यक्ति १/१ हजार नगदसहित प्रमाणपत्र पाएका छन्।

तत्कालीन माओवादी जनयुद्धका बेला रुकुम र रोल्पा अन्तर्गतका पदमार्गमा छापामारहरुले हिड्ने गरेको बाटोमा युद्ध पर्यटनको प्रवर्द्धन र युद्धकालको सम्झना स्वरुप प्रतियोगिता सञ्चालन गरिएको हो। जनयुद्धको ऐतिहासिकता र युद्ध पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले भूमे गाउँपालिकाले छापामार हिडेको मार्गलाई गुरिल्ला म्याराथन रुट बनाएर प्रतियोगिता गर्दै आइरहेको छ।

# स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री सहयोग

रुकुम (पूर्व) का तीन वटा स्वास्थ्य चौकीमा गर्भवती तथा सुत्केरी आमाहरुको विश्राम भान्सा घरमा आवश्यक पर्ने स्वास्थ्य सामग्री वितरण गरिएको छ। संयुक्त राष्ट्रसंघीय जनसंख्या खोप (युएनएफपीए) र सिद्धार्थ सामाजिक विकास केन्द्रको साझेदारीमा स्वास्थ्य सामग्री सहयोग गरिएको हो।

रुकुम (पूर्व) को भूमे गाउँपालिका वडा नं. २ काँक्री स्वास्थ्य चौकी, सिस्ने गाउँपालिका वडा नं. ८ धपे स्वास्थ्य चौकी र पुथा उत्तरगंगा वडा नं. ११ कोल स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री सहयोग गरिएको युएनएफपीएका जिल्ला कार्यालय अधिकृत भुवनसिंह सेजवालले जानकारी दिनुभयो।

सुत्केरी हुन आउने महिलाहरुलाई बस्न तथा खानको लागि सहज होस् भनी भान्सा घरमा आवश्यक सामग्रीहरु सहयोग गरिएको सेजवालले बताउनु भयो। उहाँका अनुसार सुत्केरी भएको २४ घण्टासम्म सुत्केरी आमालाई जटिल हुन सक्ने भएकाले स्वास्थ्यकर्मीको निगरानीका लागि आवश्यक पर्ने सामग्रीहरु रहेका छन्।

## अब स्थानीय तहबाटै श्रम स्वीकृति

# भूमेले दियो साउदीका लागि पहिलो श्रम स्वीकृति




❖ बालाराम शेर्पाली

भूमे गाउँपालिकाले वैदेशिक रोजगारमा जानको लागि चाहिने पुनः श्रम स्वीकृतिको प्रमाण पत्र दिन थालेको छ। गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रमार्फत् पालिकाले पुनः श्रम स्वीकृति लिनुपर्ने कागजात दिन थालेको हो।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णय बमोजिम २०८० बैशाख १ देखि स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रबाट वैदशिक रोजगारमा जानको लागि श्रम तथा पुनः श्रम स्वीकृतिको काम गर्नुपर्ने मन्त्रालयले गरेको परिपत्र बमोजिम गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति दिन शुरु गरिएको भूमे गाउँपालिकाका प्रशासकीय प्रमुख चन्द्रसिंह श्रेष्ठले बताउनु भयो। श्रम स्वीकृतिको काम यसअघि काठमाडौंमा रहेको वैदेशिक रोजगार प्रवर्द्धन केन्द्रबाट मात्रै हुने गरेको थियो।

भूमे गाउँपालिकाबाट पहिलोपटक पुनः श्रम स्वीकृति वडा नं. १ का समुन्द्र घर्तीले पाउनु भयो। गत जेठ २८ गते घर्तीले वैदशिक रोजगारमा जानको लागि साउदी अरबियाको पुनः श्रम स्वीकृति भूमे गाउँपालिकाको रोजगार सेवा केन्द्रबाटै पाउनु भएको थियो। श्रम स्वीकृति पाएपछि खुसी हुँदै घर्तीले स्थानीय तहबाटै श्रम स्वीकृति पाउँदा राजधानी जाने भाडा र अन्य खर्च बचत हुनुका साथै आउने जाने समय र अरु झन्झटबाट मुक्ति मिलेको बताउनु भयो।

स्थानीय तहबाट श्रम स्वीकृतिको काम पहिलो भएकाले थप मेहनत र अप्ठ्यारो भए पनि सेवाग्राहीलाई गाउँमै सुविधा दिन पाउँदा अत्यन्तै खुसी लागेको रोजगार सेवा केन्द्र भूमे गाउँपालिकाका रोजगार संयोजक बसन्ती सुवेदीले बताउनु भयो। राजधानीमा गएर हुने समय र पैसाको खर्च जोगाएर स्थानीय तहबाटै श्रम स्वीकृति दिन पाउँदा निकै खुसी लागेको बताउनुहुन्छ भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ।

गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, रोजगार संयोजक बसन्ती सुवेदीले पहिलो पटक स्थानीय तहबाट श्रम स्वीकृति प्राप्त गर्ने समुन्द्र घर्तीलाई बधाई तथा वैदशिक रोजगारमा सुरक्षा र प्रगतिको कामना गर्नुभयो। विदेशमा सिकेको सीप र कमाइ नेपालमा आएर उपयोग गर्ने आशा व्यक्त गर्दै घर्तीको श्रम स्वीकृति प्रदान गर्नुभएको थियो।

## प्रधानमन्त्री रोजगार कार्यक्रम उपलब्धिमूलक

यसैबीच श्रमको सम्मान राष्ट्रको अभियान भन्ने मूल नाराका साथ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट प्रधानमन्त्री रोजगार कार्यक्रम देशैभरि सञ्चालनमा रहेको छ। देशमै घर परिवारसँग बसेर काम गर्न पाउने र आयआर्जन पनि हुने भएकाले प्रधानमन्त्री रोजगार कार्यक्रम थप उपलब्धिमूलक बन्दै गएको हो।

एक जना व्यक्तिले एक आर्थिक वर्षमा १०० दिन बराबरको रोजगार पाइरहेका छन्। रोजगारीबाट भएको आम्दानीले थप घरको कामकाज तथा छोराछोरीको पठनपाठनमा सहज भएको बताउनु हुन्छ भूमे गाउँपालिका-३, झुम्लाबाङका रोजगारमा संलग्न अन्जु रसाइली। प्रधानमन्त्री रोजगार कार्यक्रमले भौतिक संरचनाहरुमा स्थानीय सरकारलाई थप सहयोग पुग्ने गरी आयोजनाहरु सञ्चालन गर्दै आएको भूमे गाउँपालिकाका अध्यक्ष होम प्रकाश श्रेष्ठले बताउनु भयो। बजेटको सही सदुपयोग गर्ने हो भने जुनसुकै नाममा आएका कार्यक्रमहरु सफल हुने उहाँको भनाई छ।

## १ वर्षमा भूमेका ६९ जनाले पाए रोजगारी

रुकुम पूर्वको भूमे गाउँपालिकामा एक वर्षको अवधिमा ६९ जनाले रोजगारी पाएका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत ६९ घर परिवारलाई छनोट गरी रोजगारी दिइएको हो। उक्त कार्यक्रमा चार सय ८८ जनाले फार्म भरेको भए पनि आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारलाई छनोट गरेर रोजगारी दिइएको रोजगार कार्यक्रम संयोजक बसन्ती सुवेदीले जानकारी दिनुभयो।

प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यविधिअनुसार यसरी रोजगारी पाएका व्यक्तिले एक सय दिन बराबरको काम गरेका छन्। एक दिन काम गरे वापत प्रति व्यक्ति पाँच सय ७७ रुपैंया ज्याला पाएको संयोजक सुवेदीले जानकारी दिनुभयो। उक्त कार्यक्रमबाट सडकको नाला निर्माण, गोरेटो बाटो तथा खेल मैदान निर्माण, गुरिल्ला पदमार्ग निर्माण, वृक्षारोपणका साथै शौचालय र आर्यघाटमा प्रतीक्षालय निर्माण गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत् चालु आर्थिक वर्षमा गाउँपालिकामा ३९ लाख ८१ हजार तीन सय रुपैंया आएको थियो। उक्त रकममा ६२ जना महिला र ६ जना पुरुषले रोजगार पाएको रोजगार संयोजक सुवेदीले जानकारी दिनुभयो।

# भूमे सांस्कृतिक महोत्सवले उत्साहित बनाएको छ



**तिलक रोका मगर**
**संयोजक, चौथो भूमे साँस्कृतिक महोत्सव एवं खुल्ला प्रतियोगिता**

*प्रस्तुतिः बालाराम शेर्पाली*

**भर्खरै चौथो भूमे साँस्कृतिक महोत्सव सम्पन्न भएको छ, तपाईं महोत्सवको संयोजकको रुपमा भूमिका निर्वाह गर्नुभयो। कस्तो रह्यो यसपालिको भूमे महोत्सव?**

"हाम्रो भूमे, हाम्रो पहिचानः स्थानीय भाषा कला संस्कृतिको जगेर्ना गर्ने हाम्रो अभियान" भन्ने मुल नाराका साथ असार २ देखि ५ गतेसम्म भूमे गाउँपालिकाको आयोजनामा खाबाङ बगरमा भव्य रुपमा चौथो भूमे सांस्कृतिक महोत्सव सम्पन्न भएको छ।

मगर समुदायको विशिष्ट महत्वको पर्व भूमेको अवसरमा स्थानीय सरकारकै तर्फबाट यसलाई महोत्सवकै रुपमा मनाउने परम्पराको शुरुवात हुनु एकदमै राम्रो कार्य हो। यसले मगर समुदायको ऐतिहासिकता, सांस्कृतिक परम्परा र कला संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका खेलेको छ। गाउँपालिकाको आयोजनामा यसरी भूमे साँस्कृतिक महोत्सव मनाउन थालिएको यसपालि चौथो पटक हो।

महोत्सव आयोजना गर्नुको मुख्य उद्देश्य स्थानीय भाषा, कला संस्कृति र यहाँको सन्दर्भमा मगर समुदायका ऐतिहासिक कला संस्कृति गीत, नृत्यहरुको संरक्षण, सम्वर्धन गर्नुका साथै नयाँ पुस्तामा हस्तान्तरण गर्न र उनीहरुलाई आफ्नो ऐतिहासिक रहनसहन, परम्परा र संस्कृतिप्रति आकर्षित गर्नु हो। त्यसमा भूमे गाउँपालिका, स्थानीय सरकार र यहाँका नागरिकहरुको सक्रियताले हामी हाम्रो उद्देश्यप्रति सफल हुँदै गएका छौं। महोत्सवमा विभिन्न ८ विधामा गीत तथा नृत्य प्रतियोगिता राखिएको थियो। प्रतियोगितामा स्थानीयबासीको उल्लेख्य र सक्रिय सहभागिता रह्यो। समग्रमा महोत्सवको रौनक एवं प्रतियोगितामा देखिएको स्थानीयको सहभागिताले हामीलाई उत्साहित बनाएको छ।

**महोत्सवमा कुन कुन गीत तथा नृत्य प्रतियोगिताको आयोजना गर्नुभएको थियो? यी गीत र नाचमा प्रतियोगिता गराउनुको कारण के थियो?**

भूमे सांस्कृतिक महोत्सवमा विभिन्न ८ विधामा गीत तथा नृत्य खुल्ला प्रतियोगिता आयोजना गरिएको थियो। जसमा भूमे नाच, लस्के गीत, सिंगारु गीत र नाच, फाक नाच, झोरेल्नी नाच, मयूर नाच र ढङ्गे नचारु नाचमा प्रतियोगिता आयोजना गरिएको थियो। प्रतियोगितामा सबैभन्दा कम सहभागिता झोरेल्नी नाच, फाक नाच र सिंगारु नाच तथा गीतमा रह्यो। अन्य गीत तथा नाचमा उल्लेख्य सहभागिता रहेको थियो।

भूमे गाउँपालिकामा रहेका विभिन्न कला संस्कृतिमा आधारित गीत नाचहरुको पुस्तान्तरण नहुने र बिस्तारै लोप हुन सक्ने खतरा देखेर तिनको संरक्षण र युवा पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यले यी गीत र नृत्यको प्रतियोगिता आयोजना गरेका हौं।

हाम्रो महोत्सवकै नारा थियो- "हाम्रो भूमे, हाम्रो पहिचानः स्थानीय भाषा कला संस्कृतिको जगेर्ना गर्ने हाम्रो अभियान।" त्यसैले भूमेको पहिचान, स्थानीय भाषा, संस्कृति र ऐतिहासिक परम्परा नयाँ पुस्तामा हस्तान्तरण गरेर संरक्षण गर्न भूमे महोत्सवले महत्वपूर्ण भूमिका खेल्ने मैले विश्वास लिएको छु ।

**ऐतिहासिक संस्कृतिमा आधारित गीत नाचहरु लोप हुनुका कारण के हुन्?**

स्थानीय मगर भाषा संस्कृतिमा आधारित गीत नृत्यहरु केही वर्ष अघिसम्म गाउँघरमा गाउने, नाच्ने गरिन्थ्यो। विभिन्न चाडपर्व, विहे, मेला जात्राहरुमा यस्ता गीत नृत्यहरु जहाँ पनि हेर्न, सुन्न पाइन्थ्यो। तर, पछिल्लो समयमा सूचना, प्रविधिको विकास र त्यससँगै भित्रिएको आधुनिक पप, र्‍यापदेखि विदेशी संस्कृति गाउँसम्मै आइपुग्यो। यसले युवा पुस्तामा मौलिक र स्थानीय कला संस्कृतिभन्दा बजारिया र विदेशी संस्कृतिले छुन थाल्यो। स्थानीय भाषा, संस्कृति र कलाका धनी वृद्ध बाआमाहरु कतिपयको निधनसँगै त्यस्तो सीप, कला उहाँहरुसँगै गयो। कतिपय उमेरका कारण हिडडुल, नाचगान, रमाइलो गर्न नसक्ने भइसक्नुभएको छ। खासगरी हाम्रो मौलिक संस्कृति र गीत नृत्यहरु पुस्तान्तरण नहुँदा संकटमा पर्दै गएको छ। हाम्रै गाउँ ठाउँको कुरा गर्नुहुन्छ भने सिङ्गारु गीत भूमे वडा नं. ५ को सेराबाङ, वडा नं. ४ को तल्लो साकिम र वडा नं. ३ को झुम्लाबाङमा नाचिने र गाइने गीत हो। विगत ५/६ वर्ष अघिदेखि नै सिङ्गारु नाच सेराबाङ र तल्लो साकिममा हराइसकेको छ।

अब पनि झुम्लाबाङका युवाहरुले चासो नदिने हो र संरक्षण नगर्ने हो भने भूमे गाउँपालिकाबाटै सिङ्गारु गीत नाच लोप हुने खतरा छ। नचारु नाच त झन् गुर घरबाटै लोप भइसकेको छ। त्यसैले स्थानीय भाषा, कला संस्कृति र ऐतिहासिक परम्परा जोगाउन स्थानीय सरकारको भूमिका महत्वपूर्ण हुने गर्दछ।

**भूमे पर्व कहिलेदेखि र कसरी मनाउन थालिएको रहेछ?**

भूमे पर्व मनाउन थालिएको कति वर्ष भयो भनेर ठ्याक्कै एकीन गर्न त सकिदैन्। मैले माथि पनि

भनें, प्राकृतिक विपत्तिबाट बच्ने र उब्जनी बढ्ने विश्वासका साथ भूमि पूजा गर्दै आएको परम्परा रहेको छ। यसमा बुढापाकाहरुले सुनाउने गरेका केही किंवदन्तीहरु पनि रहेका छन्।

किंवदन्तीअनुसार परापूर्वकालमा मगर बाहुल्यता भएको गाउँमा अल्पसङ्ख्यक रूपमा भाँडाकुँडा बनाउनलाई सिर्पाली विक, कपडा सिलाउने र बाजागाजा बजाउने दमाई (परियार)को मिश्रित बसाइँ रहेको थियो। खोलाको पानी लिन गाउँबाट केही माथि ठुला-ठुला पहराहरू काटेर जानु पर्दथ्यो। खोलामा पानी भर्न जाने क्रममा कुनै जोग पारेर मान्छे हराइरहेका हुन्थे। यसरी पानी भर्न जाने मान्छे हराउँदा गाउँ नै भावविह्वल भयो।

यसरी गाउँ नै शोकमा डुबेपछि मुखियाले गाउँभेला बोलाई मान्छे हराएको पत्ता लगाउन सबैलाई खटाउँछन्। पाँच/छ जनाको टोली बनाएर पानी भर्न लगाउँदा फर्कने क्रममा पछिल्लो पानी भरुवालाई पहराको मुनिबाट निस्केको सर्पले खाएको अन्य मान्छेले देख्छन्। यसरी सर्पले खाएको थाहा पाएपछि गाउँलेहरु भेला भई कसरी सर्पलाई तह लगाउन सकिन्छ भनेर छलफल गर्छन्। सिर्पाली विकले म त्यो सर्पलाई आफ्नो काबुमा ल्याउन सक्छु भनेर भन्छ। त्यसका लागि एक धार्नी फलामको सनासो तयार पारिन्छ र फेरि पानी भर्न मान्छे पठाइन्छ।

सर्पले मान्छेलाई खान निस्केको बेला सनासोले सर्पको घाँटीमा अँठ्याउँछ र सिर्पालीले सोध्छ, "तँ को होस्? तैंले किन मानव क्षति गरिरहेका छस्?" सर्पले सिर्पालीलाई आग्रह गर्छ "मलाई नमार मनुखे, म भूमि देवता जेठको मसान्तको दिन दूधमात्र खाएर असार १ गते मलाई एक हाँसे भेडा लिएर पूजा गर्नु मैले मानव क्षति पनि गर्दिनँ र बाढीपहिरो पनि रोक्छु।"

सर्पले यसो भनेपछि त्यही वर्षबाट पूजा गरियो। त्यसपछि कुनै मानवीय क्षति भएन र बाढीपहिरो पनि गएन। त्यसैले भूमि देवतामाथि विजय प्राप्त गरेको उपलक्ष्यमा भूमे पूजा, भूमे नाच सुरु भएको इतिहास छ।

## भूमे नाच कहिलेदेखि नाचिन्छ?

भूमे नाच शुरु गर्ने नियम गाउँअनुसार फरक हुने गर्दछ। भूमे पर्व जेठ महिनामै फुकाउँछन्। कुनै गाउँमा जेठको १ गते, कुनै गाउँमा जेठ १५ गते भने कुनै गाउँमा पुन्नीको दिनमा फुकाउँछन्। भूमे पर्व जेष्ठ लागेलगत्तै नाच सुरु गरिन्छ।

## भूमे गाउँपालिकाको नाम कसरी रह्यो ?

हाम्रो देशमा संघीय शासन प्रणाली शुरु भएपछि लुम्बिनी प्रदेशको हिमाली जिल्लाको रुपमा रहेको रुकुम (पूर्व) नेपालकै कान्छो र दुर्गम जिल्ला हो। सोही जिल्लामा रहेका तीन वटा गाउँपालिकामध्ये एक हो भूमे गाउँपालिका। अरु दुई पालिकाको नाम भौगोलिक क्षेत्रका हिसाबले नाम दिइएको छ- सिस्ने र पुथा उत्तरगंगा। तर भूमे गाउँपालिका सांस्कृतिक क्षेत्रलाई प्राथमिकता दिएर राखिएको छ। मगर समुदायको बाहुल्य रहेको यस पालिकाका अधिकांश बासिन्दाले भूमे पर्व धुमधामपूर्वक मनाउने गर्दछन्। प्राकृतिक विपत्बाट बच्ने र उब्जनी बढ्ने विश्वासका साथ भूमि देवताको पूजा गरेर मनाइने भूमे पर्वकै नामबाट पालिकाको नाम राखिएको हो।

# तस्बिरमा चौथो भूमे सांस्कृतिक महोत्सव २०८०

**भूमे गाउँपालिकाको आयोजनामा यही असार २ देखि ५ गतेसम्म पालिकाको केन्द्र खाबाङबगरमा सम्पन्न चौथो भूमे सांस्कृतिक महोत्सव तथा खुल्ला प्रतियोगितामा मगर समुदायको संस्कृतिमा आधारित विभिन्न नाच, झाँकी तथा दृश्यहरु ।**

**तस्बिरहरुः हेमन्त राई**








# तस्बिर























लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी

**भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् खरिद गर्नेसम्बन्धी सम्झौता कहिले भएको हो ?**

≅ विसं २०८० जेठ १८ (प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको भारत भ्रमण (विसं २०८० जेठ १७-२०) को सन्दर्भमा भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा नेपालको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव दिनेश घिमिरे र भारतीय ऊर्जा सचिव आलोक कुमारद्वारा समझदारी पत्र (एमओयु) मा हस्ताक्षर भएको हो। यसअघि अल्पकालीन सम्झौतामार्फत हुँदै आएको विद्युत व्यापार अब दीर्घकालीन व्यापार सम्झौतामार्फत् हुनेछ।)

- आगामी १० वर्षमा भारतले १० हजार मेगावाट विद्युत् खरिद गर्ने। नेपालबाट भारतीय विद्युत् प्रसारण लाइन प्रयोग गरेर बङ्गलादेशमा विद्युत् निर्यात गर्न दिने। सुरुमा ५० मेगावाट बिजुली नेपालले बङ्गलादेश निर्यात गर्ने। बङ्गलादेशमा थप ऊर्जा व्यापारको मार्गचित्रबारे त्रिपक्षीय छलफल गर्ने।
- ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजना भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गर्ने गरी सम्झौतामा हस्ताक्षर।
- दुई देशका प्रधानमन्त्रीले न्यू बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारण लाइनको संयुक्त रूपमा शिलान्यास गर्नुभएको। आयोजना नेपाल विद्युत् प्राधिकरण र भारतीय विद्युत् प्राधिकरणको समान लगानी रहेको छुट्टै कम्पनीले बनाइने।
- ४२६ मेगावाटको फुकोट कर्णाली आयोजना भारतीय कम्पनी एनएचपिसीसमेतको लगानीमा निर्माण हुने। आयोजनाको लागत करिब ६१ अर्ब ८६ करोड रुपियाँ हुने अनुमान छ।
- पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको डिपिआर तीन महिनाभित्र सम्पन्न गर्ने र एक वर्षभित्र लगानीको मोडालिटी तय गरिने।
- सिलिगुढीदेखि झापाको चार आलीसम्म र बाराको अमलेखगन्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन निर्माण गर्ने सहमति।
- नेपाल र भारतबिच अन्तरदेशीय डिजिटल पेसम्बन्धी सम्झौतामा हस्ताक्षर। यसबाट नेपाल र भारतका नागरिकले अब क्युआर कोड स्क्यानबाट भुक्तानी गर्न सक्ने।
- भारतीय सहयोगमा कञ्चनपुरको दोधारा-चाँदनीमा सुक्खा बन्दरगाह निर्माण गर्ने सम्झौता।
- समुद्रसम्म नेपालको सिधा पहुँच हुने गरी पारवहन सन्धि संशोधन गरिएको। नेपालले भारतको बनारस, साहिबगन्ज, कालुघाट जलमार्ग प्रयोग गर्न पाउने।
- नेपालको परराष्ट्र मामिला संस्थान र भारतको सुष्मा स्वराज इन्स्टिच्युट अफ फरेन सर्भिसबिच सहकार्य गर्ने गरी समझदारी पत्रमा हस्ताक्षर ।
- दुई देशका प्रधानमन्त्रीद्वारा बथनाहादेखि विराटनगरको बुधनगरसम्मको कार्गो रेल्वे सेवाको उद्घाटन।
- प्रचण्ड र मोदीद्वारा नेपालगन्जस्थित एकीकृत जाँच चौकीको उद्घाटन र भैरहवामा निर्माण हुने एकीकृत जाँच चौकीको शिलान्यास। भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलमा जडान गरिएको इन्स्ट्रुमेन्ट ल्यान्डिङ सिस्टम (आइएलएस) सञ्चालनका लागि भारत सहमत। *संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङ बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

आर्थिक वर्षः- २०७९/८०
सूचना नं.:-९१०

**अगुवा व्यवसायिक कृषकहरुलाई पुरस्कार वितरण कार्यक्रमको लागि दावी/निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**
**(प्रथम पटक प्रकाशित मितिः- वि.सं.२०८०/०३/०६ गते)**

प्रस्तुत विषयमा यस भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालयको यस चालु आ.व.२०७९/८०को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तेस्रो चौमासिक अवधिमा सञ्चालन हुने ***अगुवा व्यवसायिक कृषकहरुलाई पुरस्कार वितरण कार्यक्रम***मा सहभागी भई प्रत्यक्ष लाभ लिन चाहने ***भूमे गाउँपालिका भित्रका व्यवसायिक कृषि फार्महरु***ले तपशिलमा उल्लेखित आवश्यक कागजातहरु संलग्न गरी ***यो सूचना प्रकाशित भएको मितिले ७ दिन (वि.सं.२०८०/०३/१२ गते)भित्र*** कार्यालय समयमा भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय तथा सम्बन्धित वडा कार्यालयहरुमा दावी/निवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**तपशिलः**

**पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. अगुवा व्यवसायिक कृषकहरुलाई पुरस्कार वितरण कार्यक्रमका लागिः

- कृषि फार्मको योगदान विवरण खुलेको दावी/निवेदन र छाप ।
- सञ्चालक/प्रोपाईटरको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपी ।
- सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपी ।
- स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७८/७९को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
- गत आ.व.२०७८/७९को अन्तिम लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपी ।
- घर/जग्गा/जमिन धनी दर्ता लालपुर्जाको प्रतिलिपी ।
- चालु आ.व.२०७९/८०मा घर/जग्गा/जमिनको तिरो तिरेको रसिदको प्रतिलिपी ।
- अगुवा व्यवसायिक कृषकहरुलाई पुरस्कार वितरण कार्यक्रममा सिफारिस गरिएको सम्बन्धमा सम्बन्धित वडा कार्यालयको सिफारिस-पत्र ।

..................
(स्वतन्त्र राज चौधरी)
कृषि प्रसार अधिकृत

स्वतन्त्र राज चौधरी
कृषि प्रसार अधिकृत

..................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत (छैटौं)

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

**सम्पर्कका लागिः**

१. कृषि प्रसार अधिकृत- स्वतन्त्र राज चौधरी :- ९८४१८०२७३२, ९८२२८२३८२६
२. ना.प्रा.स.- विशाल पुन मगर :- ९८६६९०४६५६, ९८१०९४०९९५
३. ना.प्रा.स.- शिखर विश्वकर्मा :- ९८६८६२१८०४, ९८०६२९९१२५

*पुनश्चः*

- *उल्लेखित अगुवा व्यवसायिक कृषकहरुलाई पुरस्कार वितरण कार्यक्रमको लागि योगदान विवरण खुलेको दावी/निवेदनको ढाँचा/नमूना भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कृषि सेवा केन्द्र, खाबाङ्ग बगर, रुकुम (पूर्वी भाग) कार्यालय, सम्बन्धित वडा कार्यालयहरु तथा भूमे गाउँपालिका, रुकुम (पूर्वी भाग) कार्यालयको वेबसाईट www.bhumemun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।*

खाबाङ बगर, रुकुम (पूर्व), लुम्बिनी प्रदेश, नेपाल | सम्पर्क फोन नं. +९७७-९८०१३३२३८३, ९७६२५२७१११
इमेलः info@bhumemun.gov.np, bhumemun@gmail.com, वेबसाइटः www.bhumemun.gov.np

# लम्पी स्किन रोग सम्बन्धी जानकारी

**परिचयः**

- यो रोग गाई भैसीमा देखिने रोग हो ।
- यो पोक्स भाइरसले गर्दा लाग्ने गर्छ ।
- सन् 2012 मा मध्यपूर्व देखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो ।
- हाल ५५ जिल्लामा फैलिएको पुष्ट्याई भएको छ ।
- मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ ।
- यसले स्थानीयको तुलनामा उन्नत नश्ललाई बढी असर गर्ने गर्छ ।
- उत्पादनमा गिरावट् आउने, ओसारपसारमा प्रतिवन्ध गर्नुपर्ने हुदा आर्थिक नोक्सानी हुने गर्दछ ।
- यो रोग पशुबाट मानिसमा सर्दैन ।
- रोग गर्मि मौसममा किराहरुको टोकाईबाट सर्ने गर्दछ ।

**लक्षणहरुः**


संक्रमित पशुहरुमा निम्न लक्षणहरु देखा पर्ने गर्दछ ।

- उच्च ज्वरो १०४ डिग्री फरेनहाइट भन्दा बढी आउने गर्दछ ।
- छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू देखिने ।
- थतुनो,ओठ, मुख र नाकभित्र घाउ देखिन्छ।
- आखाँ र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ,र्‍याल काड्छ, लिम्फ नोडहरू सुनिन्छन, संक्रमित पशु लक्षण नदेखाई मर्न पनि सक्छ ।
- किराले गिर्खाहरु फुटाएर जटिल प्रकारका घाँउ बनाउन सक्छ ।



**रोग सर्ने माध्यमः**

- संक्रमित लामखट्टे, झिंगा, किर्ना जस्ता किराहरूको टोकाइबाट सर्छ ।
- संक्रमित गाईवस्तुहरुको ओसारपसार गर्दा सर्छ ।
- उपचारमा संलग्न प्राविधिक तथा प्रयोग गरिने संक्रमित औजारबाट सर्न सक्छ।
- पशुको प्रजनन, दानापानी खाने भाँडा, चरण क्षेत्र तथा प्रत्यक्ष पशुको सम्पर्कबाट पनि सर्न सक्छ ।




**उपचारः**

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुदाँ प्रभावकारी उपचार छैन । यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनुनै उत्तम उपाय हो। यसको सट्टा, संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ,जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ । कुनै उपचार नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ । दुर्भाग्यवश यसको भ्याक्सिन हाल सम्म नेपालमा उपलब्ध छैन । आसा छ यसको भ्याक्सिन नेपालमा छिटै उपलब्ध हुने छ ।



**रोगको शंका लागेमा के गर्नेः**

- रोगको प्रकोप फैलिएको क्षेत्रका पशुहरुलाई नियमित निरिक्षण गर्ने ।
- रोगको शंका लागेका नजिकका भेटेरीनरी प्राविधिक, गाउँपालिका पशु सेवा केन्द्र, एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा खबर गर्ने ।
- पशुहरुको ओसारपसार गर्न पुर्णरुपमा बन्द गर्नुपर्छ ।




Figure 1. Viral pathway of lumpy skin disease

**रोकथाम तथा जैविक सुरक्षाका उपायहरुः**

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नुहुन्छ ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला । विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नुपर्दछ । गाईभैंसी खरिद गरेर ल्याउदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नुपर्दछ । यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँ बाट गाईभैंसी ल्याउन हुदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य किराहरूबाट मुक्त राख्नु ,सरसफाइमा ध्यान दिनपुर्दछ । आवश्यकता अनुसार उपयुक्त किटनाशक औषधी प्रयोग गर्नुपर्दछ । गोठको वरिपरि पानी जम्ने ठाउँ हनु हुदैन । आफ्नो फार्ममा जैविक सुरक्षाका उँपायहरू अवलम्बन गर्नुपर्दछ । प्रत्यक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनुपर्छ ।



**रोग देखिएमा यहाँ सम्पर्क गर्नुहोलाः**

- वडानं १ र २ का लागि अमृता रोका, ९८४८०५७२७२
- वड नं ३ र ८ का लागि दिल कुमारी सुनार, ९८६७२२९४६६
- वडा न् ४ र ५ का लागि जनम बुढा मगर, ९८४८६९९७२८
- वडा नं ६ र ७ का लागि भुपाल ओली, ९८६६९१६०३७
- वडा नं ९ का लागि कमल के सी, ९८४६८१०१६०
- गाउँपालिका पशु सेवा केन्द्र का लागि नारयण ओली, ९७६२५२७१७० भुपेन्द्र शाही , ९८६६९१६०३७



जनहितका लागि
भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

**थप जानकारीका लागि. ९७६२५२७१७०, ९८६६९१६०३७, ९८४८६९९७२८, ९८६८६३३५५१, ९८४८०५७२७२, ९८४६८१०१६०**